# नेपाल सरकार
## सामान्य प्रशासन मन्त्रालय
## सरुवा सम्बन्धी मापदण्ड, २०७४

निजामती सेवा ऐन, २०४९ को दफा (१८) (१) बमोजिम अन्तर मन्त्रालय सरुवा गर्ने जिम्मेवारी सामान्य प्रशासन मन्त्रालयलाई तोकिएकोले सोही दफाको उपदफा (३) तथा निजामती सेवा नियमावली, २०५० को नियम ३६(१) बमोजिम भाद्र महिनामा यस मन्त्रालयबाट अन्तर मन्त्रालय सरुवा हुने हुँदा निजामती सेवा ऐन नियमावलीमा उल्लिखित प्रावधानको अतिरिक्त नियम ३६ को उपनियम (१५) र (१६) बमोजिम देहायको मापदण्ड निर्धारण गरी सम्बन्धित सबैको जानकारीको लागि यस मन्त्रालयको सूचना पाटी एवं Website मार्फत सार्वजनिक गरिएको छ ।

१. कर्मचारी सरुवा गर्दा वा काज खटाउँदा स्थानीय तहमा पहिलो प्राथमिकता दिई खटाइने वा सरुवा गरिनेछ ।

२. केन्द्रीयस्तरमा मात्र कार्यालय तथा दरवन्दी रहेका निकायबाट स्थानीय तहमा सेवा प्रवाह गर्ने कार्यालय तथा दरबन्दी हुने निकायमा प्राथमिकता दिई सरुवा गरिनेछ।

३. कुनै निकाय वा अन्तर्गत यस अघि ५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पूरा गरिसकेको कर्मचारीलाई सोही पदमा संभव भए सम्म दोहोर्‍याएर सरुवा गरिने छैन ।

४. सेवा प्रवाह गर्ने निकाय तथा दुर्गम स्थानका कार्यालयहरुमा सकेसम्म पद रिक्त नहुने गरी सरुवा गरिनेछ ।

५. तीन महिना भन्दा बढी अवधिको वैदेशिक अध्ययन तथा तालिम पूरा गरी फर्केका कर्मचारीहरुलाई निजहरुले आर्जन गरेको ज्ञानको समेत उपयोग हुन सक्ने स्थानमा पदस्थापना हुने गरी सरुवा गर्न प्राथमिकता दिइनेछ ।

६. एउटै कार्यालयमा निरन्तर लामो अवधि बसेका कर्मचारीहरु मध्येबाट सबै भन्दा बढी अवधि भएकालाई पहिलो प्राथमिकता दिई सरुवा गरिनेछ ।यसो गर्दा संस्थागत संस्मरण र कार्यालयको आवश्यकता समेतलाई ध्यान दिइनेछ ।

हेमराज तामाङ (उपसचिव)

(बलराम रिमाल) प्र.अ.

बसन्त प्र. पन्त (उपसचिव)

७. विभागीय कारवाहीको प्रक्रियामा रहेको कर्मचारीलाई सो कारवाही वा कारवाहीको प्रक्रियाबाट उन्मुक्ति पाउने किसिमले अन्यत्र सरुवा गरिनेछैन । तर निजलाई सोही कार्यालयमा राखिराख्न उपयुक्त नभएमा सरुवा गर्न सकिनेछ ।

८. स्वास्थ्य उपचारको कारणले सरुवा माग्ने कर्मचारीहरुलाई मेडिकल बोर्डको सिफारिस अनुसार स्वास्थ्य उपचार हुन सक्ने स्थानमा सरुवा गर्न प्राथमिकता दिइनेछ ।

९. फरक क्षमता भएका कर्मचारीहरुलाई सम्भव भएसम्म निवेदकको माग बमोजिम सरुवा गर्न प्राथमिकता दिइनेछ ।

१०. विशेष अनुभव र क्षमता भएका कर्मचारीहरुलाई निजहरुको क्षमता उपयोग हुन सक्ने गरी विशेष जिम्मेवारी दिने स्थानमा कामकाज गर्ने गरी सरुवा गर्न प्राथमिकता दिईनेछ ।

११. राष्ट्रिय गौरव एवं उच्च प्राथमिकताका निकाय/आयोजनाहरुमा कर्मचारी अभाव हुन नदिने गरी सरुवा र व्यवस्थापन गरिनेछ ।

१२. संवैधानिक निकाय, आयोग, प्रतिष्ठान, समिति जस्ता निकायवाट माग भई आए बमोजिम कर्मचारी सरुवा पदस्थापन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१३. तोकिएको भौगोलिक क्षेत्रमा नूनत्तम अवधि पूरा गरेको कर्मचारीलाई रिक्त पद मिलेसम्म ऐन बमोजिम मागेको निकायमा सरुवा गर्न प्राथमिकता दिइनेछ ।

१४. कुनै कार्यालयमा तोकिएको जिम्मेवारी पूरा नगर्ने, सार्वजनिक रुपमा बारम्बार गुनासो आइरहने र कार्यालयको काममा समस्या सिर्जना गर्ने कर्मचारीलाई अन्यत्र सरुवा गर्न सकिनेछ ।

१५. निजामती सेवा ऐन र नियमावलीमा तोकिए बमोजिम पहिलो पदस्थापन, अञ्चल र क्षेत्रको अवधि भुक्तान नभई सरुवा गर्ने कार्यलाई प्राथमिकता दिइनेछैन ।

हेमराज तामाङ
(उपसचिव)

(बल/प्रा/ज्ञान)
प्र. प्र.

बसन्त प्र. पन्थी
(उपसचिव)